जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
*इमेल :* mgnd2070@gmail.com

बर्षः १२, अंकः १५६ पृष्ठः ४ | २०८२ असोज २५ गते शनिबार (Saturday 11 Oct. 2025) | मूल्य रु. ५।– | *इमेल :* mgnd2070@gmail.com



**ओभरपास निर्माण कार्य** : लहान नगरपालिका–१ स्थित सहिदचोकमा पूर्व–पश्चिम राजमार्ग अन्तर्गत ओभरपास निर्माण कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ। वर्षायामका कारण केही समय रोकिएको उक्त निर्माण कार्य हाल पुनः सुरु गरिएको निर्माण कम्पनीले जानकारी दिएको छ। यस ओभरपास निर्माणले लहान क्षेत्रको सवारी आवागमन सहज बनाउने र जाम समस्या समाधान गर्ने अपेक्षा गरिएको छ। सहिदचोक व्यस्त क्षेत्रमा पर्ने भएकाले दैनिकजसो ट्राफिक जाम हुने समस्या रहँदै आएको थियो। निर्माण कम्पनीका अनुसार, ओभरपासको संरचना मजबुत र दीर्घकालीन प्रयोगका लागि तयार गरिँदैछ। कार्य सम्पन्न भएसँगै पैदलयात्री र सवारी चालकलाई सुरक्षाका साथै समयको बचत हुने विश्वास गरिएको छ। स्थानीय बासिन्दा तथा व्यवसायीहरूले पनि निर्माण कार्य पुनः सुरु भएकोमा सन्तोष व्यक्त गर्दै यथासक्य चाँडो सम्पन्न गर्न माग गरेका छन्। ओभरपास निर्माण आगामी केही महिनाभित्र सम्पन्न हुने लक्ष्य छ। *तस्बिर : सुदिप राउत*

# कार्यालय सञ्चालनार्थ नगरपालिकाको सहयोग

**जीवछ यादव**



लहान, २४ असोज। जेनजी आन्दोलनमा लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय लहानको कार्यालय सञ्चालनको लहान नगरपालिकाले कम्प्युटर र फर्निचर सहयोग गरेको छ। व्यापार कम्पनीको गोदामबाट चामल, चिनी, धान, खाली बोरा कार्यालयको कम्प्युटर फर्निचर सवारी साधनगरी दश करोडको क्षति भएको यस कार्यालयलाई सञ्चालन गर्न कार्यालय प्रमुख दिपक सुनारले लहान नगरपालिकासँग सहयोगको माग गर्नुभएको थियो।

आज शुक्रबार एक कार्यक्रमबिच लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले कम्प्युटर एकथान, प्रिन्टर एक थान, कुर्सी दश थान, टेबुल चार थान र प्लाष्टिक टेबुलहरु चार थान कार्यालय प्रमुख सुनारलाई हस्तान्तरण गर्नुभयो। जेनजी आन्दोलनको क्रममा लहानको डिभिजन वन कार्यालय, यातायात व्यवस्था कार्यालय, घरेलु तथा साना उद्योग डिभिजन कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कार्यालय र नापी कार्यालय लहानमा भएको क्षतिको कारण कार्यालय सञ्चालन भए पनि कागजात र फाइलहरु उपलब्ध नभएकाले सेवा प्रवाह गर्न अझै केही दिन लाग्ने इलाका प्रशासन कार्यालय लहानका अधिकृत सन्तोष रायले जानकारी दिनुभयो।

सिरहाको १७ वटै पालिकामा र सरकारी कार्यालयहरुमा गरी एक अर्बभन्दा बढी रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सिरहाका सूचनाअधिकारी चेतराज बरालले जानकारी गराउनुभयो।

# मुख्यमन्त्री सिंहले २८ गते विश्वासको मत लिने



जनकपुरधाम, २८ असोज। मधेश प्रदेशको मुख्यमन्त्री सतिशकुमार सिंहले असोज २८ गते प्रदेशसभाबाट विश्वासको मत लिनेहुनु भएको छ। मुख्यमन्त्री सिंहले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम असोज २८ गते विश्वासको मतका लागि व्यवस्था मिलाइदिन प्रदेशसभालाई शुक्रबार पत्राचार गर्नुभएको हो।

जनमत पार्टीबाटै मुख्मन्त्री बन्नुभएका सिंहलाई जनमत पार्टी, नेपाली काँग्रेस र नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सिंहले राजीनामा नदिइ प्रदेशसभामै सामना गर्ने रणनीतिअनुसार असोज २८ गते विश्वासको मत लिनेगरी प्रदेश सभालाई पत्राचार गर्नुभएको हो। यसअघि मधेश प्रदेशका प्रदेश प्रमुखको अह्वानवेगर मधेश प्रदेशमा नेकपा (एमाले), नेपाली काँग्रेस र जनमत पार्टीले संयुक्त रुपमा नेपाली काँग्रेस सँसदीय दलका नेता कृष्णा यादवलाई मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि ५८ जना प्रदेशसभा सदस्यको समर्थनसहितको दावीपत्र प्रदेश प्रमुखको कार्यालयमा पेश गरेको भएको थियो। मुख्यमन्त्री सिंहको राजीनामा नआएको कारण प्रदेश प्रमुख कार्यालयले तत्काल कुनै प्रक्रिया चालेको छैन। असोज २८ गतेपछि मात्र मधेश प्रदेशमा मुख्यमन्त्री सिंह नेतृत्वकै सरकार रहनेकि नयाँ सरकार गठन हुने विषय टुङ्गो लाग्नेछ।

# दुई क्विन्टल बढी गरे गाँजा बरामद




लहान, २४ असोज। सशस्त्र प्रहरी बलको गस्ती टोलीले सिरहाको बलान नदी किनारमा लुकाई राखेको दुई क्विन्टभन्दब बडी गाँजा बरामद गरेको छ। सशस्त्र प्रहरी बलको गस्ती टोलीले शुक्रवार बिहान भगवानपुर गाउँपालिका २ बलान नदी

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**खाद्य गुणस्तरमा ध्यान दिऔं ।**

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## संवेदनशील दृष्टि सेवाको सन्देश

नेपालमा स्वास्थ्य सेवाको पहुँच अझै पनि सबै नागरिकका लागि समान रूपमा सुनिश्चित भइसकेको छैन। यस्ता अवस्थामा केही संस्थाहरूको सामाजिक उत्तरदायित्वप्रति देखिने संलग्नता निश्चय नै उदाहरणीय र अनुकरणीय मानिन्छ। हालै सगरमाथा चौधरी आँखा अस्पताल, लहानले विश्व दृष्टि दिवसको अवसर पारेर जिल्लामा कार्यरत सुरक्षा निकायका कर्मचारीहरूका लागि आयोजना गरेको विशेष आँखा परीक्षण तथा चस्मा वितरण कार्यक्रम त्यस्तै एक प्रेरणादायी प्रयास हो।

नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित यो अस्पतालले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, ट्राफिक प्रहरीजस्ता निकायमा कार्यरत करिब सयभन्दा बढी सुरक्षाकर्मीको निःशुल्क आँखा परीक्षण तथा आवश्यक परे चस्मा वितरण गर्नुले सेवामूलक भावना मात्र होइन, रणनीतिक रूपमा महत्वपूर्ण जनशक्तिको स्वास्थ्य सुरक्षामा ध्यान पुर्‍याएको छ। सुरक्षा निकायका कर्मचारीहरू दिनरात देश र जनताको सेवामा खटिने भएकाले उनीहरूको स्वास्थ्य, विशेषतः दृष्टिसम्बन्धी अवस्था, गम्भीरतापूर्वक लिइनु आवश्यक छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, सशस्त्र प्रहरी बल सिरहाका उपरीक्षक नरेश भण्डारीलगायत सुरक्षाकर्मीहरूको उपस्थिति, तथा प्रजिअ अधिकारीद्वारा सगरमाथा चौधरी आँखा अस्पतालको प्रशंसा, संस्थाले राष्ट्रिय गौरव बढाएको प्रमाणस्वरूप लिन सकिन्छ। देशकै भौगोलिक रूपमा केही टाढा रहेको सिरहा जिल्लाबाट अन्तर्राष्ट्रियस्तरको सेवा प्रदान गर्नु वास्तवमै गर्वको विषय हो। विशेषगरी अस्पतालका वरिष्ठ प्रबन्धक अभिषेक रोशनले आगामी सय वर्षलाई लक्षित गर्दै दीर्घकालीन योजना बनाउने तथा अस्पताललाई 'मेडिकल टुरिजम'को केन्द्र बनाउने विचारले पनि आशावादी सोच झल्काउँछ।

सगरमाथा चौधरी आँखा अस्पतालले विगतदेखि नै दृष्टिसम्बन्धी सेवा प्रवाहमा प्रभावकारी भूमिका खेल्दै आएको छ। ग्रामीण तथा दूरदराजका नागरिकलाई आँखा सेवा पहुँचाउनेदेखि लिएर निःशुल्क सर्जरी, चस्मा वितरण, शिविर कार्यक्रमलगायतका माध्यमबाट अस्पतालले नेपाली जनस्वास्थ्यमा उल्लेखनीय योगदान दिएको छ। यसपटकको कार्यक्रम सुरक्षा निकाय लक्षित भए पनि यस्ता कार्यक्रमहरूलाई विविध पेशागत समूह, विद्यालयका बालबालिका, ज्येष्ठ नागरिकहरू र दृष्टि जोखिम समूहहरूमा समेत विस्तार गर्नु अहिलेको आवश्यकता हो।

साथै, दृष्टि सेवा स्वास्थ्यको एउटा महत्वपूर्ण अंग हो भन्ने जनचेतना अभिवृद्धिका लागि यस्ता कार्यक्रमहरू अत्यावश्यक छन्। नेपालमा अझै पनि धेरैले आँखा रोगलाई सामान्य रूपमा लिने प्रवृत्ति कायमै छ। प्रारम्भिक चरणमै पहिचान गरी उपचार नगर्दा समस्या जटिल बन्दै जान्छ। त्यसैले, आँखा परीक्षणलाई नियमित स्वास्थ्य परीक्षणको अभिन्न अङ्ग बनाउनुपर्ने खाँचो महसुस गरिएको छ।

सगरमाथा चौधरी आँखा अस्पतालले सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नु सकारात्मक छ। यस्ता प्रयासहरू सरकारी तथा अन्य गैरसरकारी स्वास्थ्य संस्थाहरूले पनि अनुकरण गर्न सक्नुपर्छ। राज्यले समेत यस्ता संस्थाहरूलाई प्रोत्साहन, सहकार्य र आवश्यक सहुलियत प्रदान गरेर देशभर गुणस्तरीय स्वास्थ्य सेवा पु–याउने अभियानमा साथ दिनुपर्छ।

अन्ततः, सगरमाथा चौधरी आँखा अस्पतालको यो प्रयास केवल एकदिने कार्यक्रम मात्र नभई सामाजिक स्वास्थ्यको संवेदनशील पक्षप्रति जिम्मेवारी जनाउने गहिरो सोच हो। यो प्रयासले दृष्टि सेवाको पहुँच बिस्तार मात्र होइन, नागरिक–संस्थागत सहकार्यको राम्रो अभ्यास पनि प्रस्तुत गरेको छ। यस्ता सकारात्मक पहलहरूले भविष्यमा अझ सशक्त स्वास्थ्य संरचना निर्माणमा सहयोग पुर्‍याउने विश्वास गर्न सकिन्छ।

### दुई क्विन्टल...

किनारबाट २ क्विन्टल १९ किलो ४०० ग्राम गाँजा बरामद गरेको हो। सशस्त्र प्रहरी बल सिरहाका प्रमुख एसपी नरेश भण्डारीले खोला किनारमा लुकाइएको अवस्थामा ९ बोरा गाँजा बरामद गरेको जानकारी दिए। खोला किनारमा गाँजा लुकाउने व्यक्ति वा समूहको खोजी जारी छ।

# लोकतन्त्रको सर्भिसिङ र सामाजिक परीक्षणमा नेपालको जेन–जी आन्दोलन

प्रकाश राई

शासक लखेटिएका र भागेका घटना पढेका–सुनेका तर प्रत्यक्ष नदेखेका नेपालीले जेन–जी आन्दोलनमा त्यही देखे, दुई दिनमै सरकार ढल्यो, जनधनको क्षति भयो, प्रमुख दलका नेताहरु भागाभाग भए। समाजशास्त्री सी राईट्स् मिल्सले समाजशास्त्रीय परिकल्पना भन्ने सिद्धान्त अगाडि सार्दै भनेका छन्, 'व्यक्तिगत जीवनको सफलता–असफलता सामाजिक सन्दर्भ र इतिहाससँग अथवा समाजसँग निरपेक्ष हुँदैन, सामाजिक सन्दर्भ र संरचनाहरूले व्यक्तिको जिन्दगीको गुणस्तर निर्धारण गर्छ।'

मान्छेलाई समाजसँग जोड्ने मनसुबा समाजशास्त्रले राखेको हुन्छ। जब मानिस भाग्यवादबाट माथि उठेर सामाजिक संरचनाकै कारण आफ्नो जिन्दगीमा अनेक प्रतिकूलताको सृष्टि भएको कुरा बुझ्छ, त्यसैको फलस्वरूप समाजमा आन्दोलन देखा पर्छन्। यस्तो प्रक्रियाले नै समाजमा सम्भावनाका नयाँ ढोका खोल्छन्। हाले सम्पन्न जेन–जी आन्दोलन वा विद्रो यसैको उदाहरण हो। यस आन्दोलनले समाजलाई पार्ने प्रभावका बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास यस आलेखमा गरिएको छ।

**निराशा विस्फोट**

ट्युनिसियाका एक तरकारी व्यापारी युवालाई सरकारी अधिकारी अपमान गरे, जसका कारण ती युवाले आत्मदाह गरे। त्यसपछि सन् २०१० को डिसेम्बरमा सुरु भएको 'अरब स्प्रिङ'ले अरब देशहरूको काया फेर्‍यो। हाम्रो सन्दर्भमा आज जुन जेन–जी आन्दोलन भयो, भट्ट हेर्दा यो आन्दोलन भ्रष्टाचारविरुद्ध र सरकारले २६ वटा सामाजिक सञ्जाल बन्द गरेको विरोधमा भएको देखिन्छ, समग्रमा यो आन्दोलन नेपाली समाजको निराशाको अभिव्यक्ति हो।

बेरोजगारी, सार्वजनिक क्षेत्रमा खुलेआम पक्षपात, भ्रष्टाचार आदिका कारण समाज दिक्कलाग्दो अवस्थामा पुगेको थियो। निराशा र विकल्पहीन अनुभूतिमा समाज रहेको अवस्थामा यो आन्दोलन विस्फोट हुन पुग्यो। आन्दोलन स्वतःस्फूर्त र औपचारिक नेतृत्वविहीन रूपमा रह्यो। नेतृत्व घोषित गरेर आन्दोलन हुन सक्ने अवस्था थिएन। समकालीन नेपाली समाजले जो–कोहीलाई सहजै नेतृत्व स्विकार्न तयार छैन। जेन–जीको आन्दोलन राजनीतिक संरचना नै फेरबदल गर्ने लक्ष्यबाट सुरु भएको थिएन। निराशाको थुप्रोमाथि साधारण निहुँ नै ठुलो आन्दोलनको कारक बन्न सक्छ भन्ने सच्चाई स्थापित गर्दै अनपेक्षित रूपमा आन्दोलनले राजनीतिक फेरबदल गर्‍यो।

**लोकतन्त्रको सर्भिसिङ**

लोकतन्त्रलाई सर्भिसिङ गर्न क्रिटिकल जनमत चाहिन्छ। ब्यालेटबाट अभिव्यक्त भएको जनमत सडकबाट खण्डित हुन सक्छ भन्ने तथ्यले लोकतन्त्रको निरन्तर सर्भिसिङको टेक्नोलोजीसँग सम्बन्ध राख्छ। लोकतन्त्रको प्राण भनेको पारदर्शिता र जवाफदेहिता हो। यो आन्दोलनले पारदर्शिता र जवाफदेहितामा गम्भीर प्रश्न उठाएको छ। भ्रष्टाचारका विरुद्धमा एक खालको राष्ट्रिय माहोल बनिरहेको छ। समाजमा एक स्टेप भए पनि नयाँ संकथनमा अगाडि बढेको छ। अकस्मात् हैसिएको राजावादी प्रतिगामी शक्तिहरू हिस्स बनेको छ। समाजमा धमिलो पानी बनाएर राजा फर्कने हल्ला गरिरहने राजावादी भन्नेको उत्साहले यो चरम अस्थिरतामा कुनै उपलब्धि हासिल गर्न नसक्ने स्थिति हुनु, समाज एकढिक्का भएर गणतन्त्रको पक्षमा उभिनु र जेन–जी गणतन्त्रप्रति प्रतिबद्ध हुनुले समाज पछाडि फर्कदैन भन्ने कुरा स्थापित भएको छ।

यो सबैको जोडफलमा जेन–जी आन्दोलनले हाम्रो लोकतान्त्रिक गणतन्त्रलाई सर्भिसिङ गर्नमा ऐतिहासिक योगदान गरेको छ। यसले केही नयाँ आशा र जागरण ल्याउन सक्ने कुरालाई उज्यालोको रूपमा हेर्न सकिन्छ।

**बदलाको दुष्चक्र र सामाजिक मेलमिलाप**

नेपालको राजनीतिमा बदलाको चक्र निरन्तर चलिरहेको स्थितिबाट नेपाली समाजले त्राण पाएको छैन। यो बदलाको चक्र नेपाली समाजको एउटा कलंकको रूपमा रहेको देखिन्छ। राणाहरूलाई कांग्रेसको सशस्त्र संघर्षको माध्यमबाट पराजित गर्दा जनमुक्ति सेनाले राणाको बिर्ता खानेदेखि लिएर उसका सहयोगीमाथि गरेको बर्बरतापूर्ण अमानवीय व्यवहारको कथा समाजमा आज पनि यदाकदा सुन्न पाइन्छ।

झापा आन्दोलनको आफ्नै कहानी छ, बदलाको। माओवादी सशस्त्र जनयुद्धमा सिर्जित बदलाको अभ्यास ताजै छ। टीआरसीमार्फत समाधान गर्ने भनिएको माओवादी आन्दोलनको सामाजिक मिलान भएको छैन। यही आन्दोलनमा पनि बदलाको दुष्चक्रको प्रस्फुटनको छाया देखिन्छ। जस्तै : केपी ओली प्रधानमन्त्री हुँदा काठमाडौँका मेयर बालेन शाहमाथि गरेको व्यवहारको उत्तर। कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको प्रमुखबाट हटाएर हितेन्द्रदेव शाक्यलाई राख्नु अनि तिनै हटाइएका घिसिङ फेरि पाँच महिनामा तिनै हितेन्द्रको विभागीय मन्त्री बन्नु आफैँमा एउटा बदलाको चक्र नै देखिन्छ। कारबाहीमा परेका नेपाल प्रहरीको जवान डीएसपीको युनिफर्ममा प्रकट हुनु। आन्दोलनका क्रममा देखिएको अराजकता, लुटपाट, व्यक्तिमाथि गरिएको निर्दयी व्यवहार कतै न कतै बदलाको भावनाबाट अभिप्रेरित छ भन्न सकिन्छ। रिस उठेको नेता वा व्यक्तिको घर तोडफोड गर्ने, व्यापारिक प्रतिष्ठानमा आगजनी गर्ने लगायत गतिविधि उल्लेख्य छन्। यसले समाजलाई निरन्तर बदलाको भूमरीमा पारिरहने खतरा हुन्छ।

दण्ड अनिवार्य छ, आन्दोलन दबाउन गैरमानवीय–गैरन्यायिक हत्यामा संलग्नहरू अनि विध्वंस मच्चाउनेहरू दण्डनीय छन् तर दण्डले मात्रै समाधान निस्किँदैन। विभिन्न खालका अन्तर्विरोध, बदलाको भावना, दण्डहीनता आदि कारणले विध्वंसमा मानिस संलग्न छन्। दण्डका अतिरिक्त माफी मिनाहा र मेलमिलापको सामाजिक उपाय पनि सशक्त ढंगले अपनाउनुपर्ने हुन्छ। अन्यथा अनन्त बहुआयामिक द्वन्द्वमा नेपाली समाज फसिरहने खतरा रहन्छ।

**युवाको चासो राजनीतिमा**

देउवा निवासमा तोडफोडसँगै धेरै मोल पर्ने भनिएको रक्सी चाखेको देखियो। नयाँ बनाउन हिँडेका आन्दोलनकारी पुस्ता पनि यस्तै भोगविलासमा फस्नेतर्फको रेडलाइट पनि हो यो। नेपाली समाज पटकपटक परीक्षणको मोल चुकाउन अभिशप्त छन्। सत्तामा पुगेपछि यस्तै भोगविलासमा पो फस्ने हो कि भन्ने संशय छ। आन्दोलनमा यति धेरै असाधारण कुर्बानी भयो कि जसको क्षतिपूर्ति समाजले प्राप्त गर्न असम्भव छ। नेपालको सामाजिक, राजनीतिक आन्दोलनमा यस्तो क्रूर हत्याकाण्ड भएको थिएन। कलिला विद्यार्थी मारिनु असाधारण घटना हो तर यो आन्दोलनको उठान जसरी भए पनि बैठान केवल 'अर्ली इलेक्सन' मात्रै होइन। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखदेखि लिएर समग्रमा शासकीय पुनः संरचनाको कुरा छ। समयको विनासुविधा भ्रष्टाचार विरुद्धको कदम पनि छ तर अहिले सरकारको गठन हुँदा राष्ट्रपतिद्वारा जारी नियुक्ति पर्चामा लेखिएको भाषाले फागुनमा चुनाव गर्ने भन्ने मात्रै कार्की सरकारको जिम्मेवारीमा पर्छ। विद्यमान चुनावी प्रणालीले शक्तिशाली र स्थिर सरकार बन्छ त ? यो सरकारले यति छोटो समयमा आन्दोलनको आकाङ्क्षालाई सम्बोधन गर्न सक्छ त ? नसक्दा सिर्जना हुने निराशा कस्तो भयानक हुने भन्ने आकलन गर्नुपर्ने हुन्छ। स–साना निहुँमा पनि हिंसक आन्दोलनको सहारा लिने जोखिम बढ्न सक्ने अनेक नकारात्मक प्रश्न समाजमा उत्पन्न भएको छ।

अविश्वास र भयको वातावरणले समाजलाई अझै निराश बनाउने पो हो कि भन्ने प्रश्न पनि छ। सत्ताको स्वादले सत्तारोहणको छोटो समयमै नयाँ भनिएका पनि पुरानो भइहाल्नेत्र विभाजनको रणनीतिमा लाग्नेन्, अहंकार, मनपरीतन्त्र र बदलाको भावनाको सिकार हुने अनि पुरानै प्रवृत्तिमा फर्कने दुःखले नेपाली समाज अभिशप्त छ। हामीलाई चिन्ता थियो, नयाँ पुस्ता राजनीतिमा चासो नराख्ने जमातका रूपमा हुर्कँदै छ। यो आन्दोलनले युवाको तीव्र रुचि राजनीतिमा रहेको देखाएको छ। राजनीतिले देश र जनतामा पारेको प्रभावलाई उनीहरुले नजिकबाट नियालेका रहेछन्। यसले आउने चुनावमा सही व्यक्ति छनोटमा योगदान पुग्ने र समाजमा निरन्तर प्रश्न उठाउँदै लोकतन्त्र सर्भिसिङका लागि योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ। धेरै जेन–जीका बाबु–आमाको भनाइ छ, 'बच्चाहरू आफैँ निर्णय गरेर आन्दोलनमा सहभागी भए, हाम्रो सल्लाह मानेनन्।'

अन्त्यमा, आन्दोलनको विध्वंसले सिर्जित आर्थिक क्षतिको पुर्ताल होला तर असाधारण अराजकताले सिर्जित सामाजिक मोलको पुर्ताल सहज छैन। प्रहरीको पछिल्लो भनाइ अनुसार आन्दोलनका नाममा चोरीमा संलग्न व्यक्तिहरू मूलतः सुकुमबासीहरू र कारागारबाट भागेका कैदीबन्दी थिए। यस्तो चोरीमा भाग लिनेहरूको गहिरो विश्लेषण जरुरी छ। जेन–जी सबै समान छैनन्, उनीहरूको क्रिटिकल वर्गीकरण हुनुपर्छ– लाखौँ शुल्क तिरेर चर्चित कलेजमा पढ्ने विद्यार्थीहरू, साधारण सरकारी कलेजमा पढ्ने विद्यार्थी, घरेलु कामदार, गाडीको सहचालक, बिदेसिने लाइनमा भएकाहरू आदि। जेन–जीको भविष्य निर्माणमा समान मापदण्ड हुनुपर्छ भन्ने आवाज छुटेको छ। जेन–जीले समान अवसरमा भविष्य निर्माण गर्न पाउनुपर्छ भन्ने कुरा छुट्नु भनेको 'नेपो–बेबी' स्विकार्नुसरह हुनेछ। अथाह असमानताको यथार्थ समाजका लागि खतरनाक अन्तर्विरोधको कारक छुटाउनै हुँदैन।

सामाजिक आन्दोलन वा आन्दोलनमा स्रोत परिचालनको अहं भूमिका हुन्छ। समाजशास्त्रमा स्रोत परिचालनको सिद्धान्त आरएमटी प्रचलित छ। स्रोतहरूको सन्दर्भमा पेन्सिलभेनिया स्टेट युनिभर्सिटीका समाजशास्त्रका प्रोफेसर जोन डी म्याककार्थी र मिचिगन युनिभर्सिटीका अर्का समाजशास्त्रका प्रोफेसर मायर एन झाल्डले अगाडि सारेका स्रोतहरू ( आर्थिक, कार्यालय सञ्चालन, प्राविधिक सामग्री लगायतका भौतिक स्रोतहरू। जनशक्ति, प्रविधि, रणनीति लगायत स्रोतहरू। ऐक्यबद्धता, सामाजिक स्वीकारोक्ति लगायत नैतिक स्रोतहरू आदि)लाई लिन सकिन्छ। आन्दोलनमा स्रोतहरू परिचालनका कारणले आन्तरिक र बाह्य पक्षको भूमिका हुन्छ। यसै

–बाँकी तीन पेजमा

# रुपनीमा भीषण आगलागी : छ घर जलेर नष्ट, ५० लाखभन्दा बढीको क्षति

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २४ असोज। सप्तरीको रुपनी गाउँपालिका–१ रुपनीमा गएराति बिजुली सर्ट भएर लागेको भीषण आगलागीमा छ घर जलेर पूर्ण रूपमा नष्ट भएका छन्। आगलागीमा एक व्यक्ति घाइते भएका छन् भने करिब ५० लाख ३० हजार रुपियाँ बराबरको धनमाल तथा चौपायाको क्षति भएको छ। बिहीबार राति करिब १० बजे ललित यादवको घरमा जडान गरिएको बिजुली मिटरको तार सर्ट भई आगलागी भएको थियो। आगो तीव्र गतिमा फैलिँदै ललित यादवका छोराहरू र छोरीको घरमा समेत पुगेपछि घरहरु जलेर नष्ट भएका छन्।

आगलागी नियन्त्रण गर्न स्थानीयवासी, इलाका प्रहरी कार्यालय रुपनीका नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र कञ्चनरुप नगरपालिकाको दमकलले सहयोग गरेका थिए। आगो नियन्त्रणमा ल्याउन करिब दुई घण्टा लागेको र शुक्रबार बिहान पूर्ण रूपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।



आगो निभाउने क्रममा २८ वर्षीय श्यामसुन्दर यादवको ढाड र हातमा करिब २५ प्रतिशत आगोले पोलेर घाइते भएका छन्। उनी हाल मधेश प्रदेश प्रहरी अस्पताल रुपनीमा उपचाररत छन् र स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ।

आगलागीमा ६५ वर्षीय ललित यादवको बाँसको टाटी र टिनको छानो भएको दुईवटा घर जलेको छ। साथै एक तोला सुन, १० तोला चाँदी, ५० हजार नगद, अन्नपात, लत्ता कपडा र भाँडा बर्तन जलेका छन्। भैँसी एक र गाई एक घाइते भएका छन् भने दुईवटा खसी र एकवटा बाख्रा जलेर मरेका छन्। यसरी ललित यादवको करिब सात लाख ५५ हजार बराबरको क्षति भएको बरख गण भलुवाही राजविराजका प्रमुख सेनानी सोवितबहादुर चन्दले जानकारी दिनुभयो।

त्यस्तै, ललितका छोरा ३० वर्षीय सुनिल यादवको दुईवटा घर, तीन तोला सुन, ५० तोला चाँदी, तीन लाख नगद, अन्नपात, लत्ता कपडा, भाँडा बर्तन र परालको कुन्यु जलेको छ। भैँसी एक थान घाइते भएको छ र उहाँको कुल करिब १६ लाख ४५ हजार क्षति भएको बरख गण भलुवाही राजविराजले जनाएको छ। ललितको अर्को २८ वर्षीय छोरा श्यामसुन्दर यादवको दुईवटा घर, तीन तोला सुन, ५० तोला चाँदी, दुई लाख नगद, अन्नपात, लत्ता कपडा र भैँसी एक थान जलेर घाइते हुँदा करिब. १५ लाख ६५ हजार बराबरको क्षति भएको पीडितले बताउनुभएको छ।

यस्तै, ललितकी छोरी २५ वर्षीया पार्वतीदेवी यादव (हाल माइतीघरमा बस्दै आएकी) की तीन तोला सुन, एक सय तोला चाँदी, ७५ हजार नगद र लत्ता कपडा जल्दा करिब १० लाख ६५ हजार बराबरको क्षति भएको छ। प्रारम्भिक अनुसन्धानअनुसार आगलागीका कारण विद्युत् सर्ट सर्किट रहेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# विदेशमा रहेका नेपालीलाई पनि मत खसाल्ने व्यवस्था सुनिश्चित गर्न जेनजी अभियन्ताको माग

काठमाडौं, २४ असोज। विदेशमा रहेका नेपालीलाई पनि आउँदो फागुन २१ गते हुने चुनावमा सहभागी गराउन मागसहित जेन–जी अभियन्ताले निर्वाचन आयोगमा आज ज्ञापनपत्र बुझाएका छन्। निर्वाचन आयोगको मुख्य कार्यालयमा पुगेर उनीहरूले विदेशमा रहेका नेपालीलाई पनि मत खसाल्ने अधिकार सुनिश्चित गर्न माग गर्दै आयोगका पदाधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन्। जेन–जी अभियन्ता शिव यादवले चुनावको तयारीको बारेमा पनि आयोगसँग जानकारी लिइएको बताउनुभयो। जवाफमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले विदेशमा रहेका मतदातालाई आउँदो चुनावमा सहभागी गराउनका लागि आयोग लागिपरेको बताउनुभयो। उहाँले आयोगले यसबारेमा सरकारसँग छलफल गरिरहेको पनि जानकारी दिनुभयो।

# डाइभर्सन बनाएर हुलाकी राजमार्ग सुचारु

**जनार्जन खत्री**

सर्लाही, २३ असोज। सर्लाहीको कौडेनामा बाढीले बगाएर अवरुद्ध बनेको पूर्वपश्चिम हुलाकी राजमार्गमा भाइभर्सन बनाएपछि बिहीबारबाट चार पाङ्ग्रे सवारी साधन सञ्चालन हुन थालेका छन्। भीषण वर्षापछि गत शनिबार राति लखन्देही खोलामा आएको बाढीले कौडेना गाउँपालिका–३, पर्सा गाउँ नजिकै १५० मिटर पक्की सडक बगाएको थियो।

उक्त स्थानमा हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुर र कौडेना गाउँपालिकाले समन्वय गरी अस्थायी डाइभर्सन निर्माण गरेसँगै बिहीबार बिहानबाट चार पाङ्ग्रे सवारी साधन गुड्न थालेका हुन्।

कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार (बब्लु) ले दुई दिन र दुई रातको अथक प्रयासपछि डाइभर्सन निर्माण गरेर राजमार्ग सुचारु गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार 'वान वे' अर्थात् एक पटकमा एउटा मात्रै चार पाङ्ग्रे सवारी वारपार गर्न मिल्ने गरी डाइभर्सन निर्माण गरिएको छ। बाढीले सडक बगाएको ठाउँ नजिक ईँटा उद्योगबाट फुटेका ईँटा र माटो ल्याएर डाइभर्सन तयार पारिएको हो। सर्लाहीको दक्षिण–पश्चिम भेगलाई सदरमुकाम मलंगवासँग जोड्ने मुख्य सडकको रूपमा रहेको पूर्वपश्चिम हुलाकी राजमार्ग बाढीले बगाएपछि समस्या परिरहेको थियो।

यो ठाउँमा यसअघि स्थानीय युवा र सुरक्षाकर्मी भएर बाँस र पटाको लच्का निर्माण गरी पैदलयात्रु, साइकल र मोटरसाइकल वारपार हुने व्यवस्था मिलाएका थिए।

प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय मिलेर बनाएको बाँस र पटाको लच्का पुरेर त्यही ठाउँमा अस्थायी डाइभर्सन बनाइएको बताउनुभयो।

कौडेनामा बर्सेनिजसो लखन्देहीको बाढी पसेर हुलाकी सडक बगाउने गरेकाले अब भने कलभर्ट निर्माण गरेर पानी निकास हुने व्यवस्था मिलाउन पहल भइरहेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरले जनाएको छ। कार्यालयका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर कृष्णकुमार महतोले बारम्बार बाढी आएर क्षति गरिरहने कौडेनामा कलभर्ट निर्माणका लागि माथिल्लो निकायमा बजेट माग गर्दै प्रतिवेदन पठाइएको बताउनुभयो।

यस ठाउँमा कलभर्ट निर्माण गर्न पाए बाढी आएर सडक बगाउने समस्या सधैँका लागि अन्त्य हुने उहाँको भनाइ छ। उहाँले बजेट अभावका कारण तत्कालै कलभर्ट निर्माणको काम सुरु गर्न भने समस्या रहेको जानकारी दिनुभयो।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जि.सिरहा असनपुर वडा नं. ५ हाल गोलबजार न.पा. ४ बस्ने बुधन चमारको छोरा निरसन चमारको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्शा भई फिल्डबुक तयार भएको र ाल उक्त जग्गा छुट दर्ता गर्न सम्म छुट भएकोले सो छुट जग्ग जिल्ला सिरहा असनपुर वडा नं. ५ हाल गोलबजार न.पा.४ बस्ने डोमी मोची र रामपुरी देवी मोची समेत २ ले छुट जग्गा दर्ता गरी नामसारी गरी पाउँ भनी माग भएको यस कार्यालयको द.नं. १२८६६ मि.नं. २१ मिति २०८१।०१।०९ माग निवेदन बमोजिम कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग, हकभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक, ऐलानी, पर्ति वा अन्य व्यक्ति विशेषको जग्गा फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र स–प्रमाण सहत यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी उजुरी नपरेमा कानून बमोजिम भई जाने व्यहोरा अनुरोध छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियतको महल |
|---|---|---|---|---|---|
| सिरहा | असनपुर | ९ | १९४ | ०–०–१० | यो जग्ग मेरो बाबु निरस चमारको नम्बरी हो। |






धनगढीमाई नगरपालिका, सिरहा

# छठ र दीपावलीका लागि माटाका भाँडा बनाउन व्यस्त कुम्हार समुदाय

**लक्ष्मी चौधरी**



जनकपुरधाम, २४ असोज। छठ र दीपावली पर्व नजिकिँदै जाँदा धनुषासहित मधेशका विभिन्न ठाउँका कुम्हार समुदायका मानिस माटाका सामग्री बनाउने काममा निकै व्यस्त भएका छन्। जनकपुरधाम उपमहानगरपालिका वडा २४ बसहियाका कुम्हार समुदाय बिहान सबेरैदेखि बेलुकी ढल्केसम्म छठ तथा दीपावलीमा प्रयोग हुने दियो, कलश, ठेकी, भाँडा र अन्य पूजामा प्रयोग हुने सामग्री बनाउनमै व्यस्त भएका हुन्।

चाडपर्व नजिकिएसँगै बजारमा माटाका सामग्रीको माग तीव्र रूपमा बढेपछि कुम्हारहरूलाई अर्डर पुऱ्याउनसमेत हम्मे परेको जनकपुरधाम वडा नं। २४ बसहियाकी कुम्हार महिला कौशिल्या देवी बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "माटाको सामग्री पूजापाठका लागि शुद्ध मानिन्छ। दीपावली र छठमा विशेष गरी माटाका भाँडाकै प्रयोग हुने भएकाले अहिले माग धेरै हुन्छ।" उहाँका अनुसार कुम्हारहरू बिहान सबेरैदेखि साँझ ढल्दासम्म माटो मोल्ने, भाँडा बनाउने र पोल्ने काममा व्यस्त रहन्छन्।

त्यस्तै, सोही बस्तीका कुम्हार ७० वर्षीया परीक्षण पण्डित भन्नुहुन्छ, "छठ र दीपावली आउँछ भने हाम्रो घरमा पनि पर्व आउँछ। बिहानदेखि बेलुकीसम्म काम गर्छौं, नत्र माग पुऱ्याउन सकिँदैन।" उहाँका अनुसार दीपावली तथा छठका लागि माटाका दियो, कलश, ठेकुवा राख्ने भाँडा, डिबिया र धूपदानीजस्ता वस्तुको माग अहिले निकै बढेको छ। उहाँ दैनिक झण्डै एक हजार माटाका दियो बनाउनुहुन्छ, जुन जनकपुरधाम र आसपासका बजारहरूमा नै खपत हुन्छ।

वर्षभरि विभिन्न चाडपर्व आउने भए पनि दीपावली र छठको समयमा माटाका सामग्रीको माग अत्यधिक हुने कुम्हारहरू बताउँछन्। "सबैजना अहिले यही काममा व्यस्त छौँ," कौशिल्या भन्छिन्, "तर मेहनत अनुसारको दाम पाउन गाह्रो छ। बजारमा गएर बेच्ने ठाउँ हुँदैन, व्यापारीलाई दिए पनि आम्दानी थोरै हुन्छ।"

तर बजारको चमक र प्रतिस्पर्धाले कुम्हारको परम्परागत पेशामा चुनौती थपेको छ। प्लास्टिक, पितल तथा विद्युतीय सामग्रीले बजारमा सहजै उपलब्ध भएपछि माटाका भाँडाको माग पहिले जस्तो छैन। "माटोका सामग्री बनाउन धेरै परिश्रम पर्छ, तर आम्दानी कम हुन्छ," कुम्हारहरुको गुनासो छ। धार्मिक आस्थाले भने अझै माटाका भाँडाको स्थान जोगाइरहेको छ। स्थानीय ग्राहक गीता साह भन्नुहुन्छ, "छठमा त माटोको कलश र दियालो अनिवार्य हो। यसले पूजा पवित्र हुन्छ भन्ने विश्वास छ।"

कुम्हार समुदायको जीवन अझै पनि माटो र परम्परासँग गाँसिएको छ। उनीहरूले माटो गुठीले उपलब्ध गराएको जमिनबाट ल्याउने गरेका छन्। तर, समयसँगै आद्रनो परमपरागत पेशाले पनि निरन्तरता पाउनुपर्ने र माटाका सामग्री बनाउनका लागि आवश्यक स्रोत साधन उपलब्ध भइदिए भावी पुस्तालाई यो पेशामा जोड्न सहज हुने कुम्हार बताउँछन्। कुम्हार समुदायका लागि यो सीप केवल रोजगारी मात्र होइन, पहिचान पनि हो। बसहियाका ४० घर कुम्हार समुदायकै बसोवास छ, जसमा अधिकांश परिवारले माटाकै सामग्री बनाउने गर्छन्।

# ट्रकको ठक्करबाट वृद्धको मृत्यु, राजमार्ग अवरुद्ध

**विनय कर्ण**

सप्तरी, २४ असोज। सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिकामा ट्रकको ठक्करबाट शुक्रबार एक वृद्धको मृत्यु भएको छ।गाउँपालिकाको वडा २ चाँदनी चोकस्थित पूर्वपश्चिम राजमार्गको निर्माणाधीन बाटोमा ट्रकको ठक्करबाट स्थानीय ७६ वर्षीय बमभोज चौधरीको मृत्यु भएको हो। चाइनिज आयोजनाको ना १ अ यो नम्बरको ट्रक ब्याक गर्ने क्रममा पछाडिबाट बाटो काट्दै गर्नुभएका ७६ वर्षीय चौधरीलाई ठक्कर दिँदा उहाँको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधवप्रसाद काद्रलेले जानकारी दिनुभयो।

ट्रक घटनास्थलमै रहेको छ। चालक भने फरार भएकाले खोजी कार्य भइरहेको काद्रलेले बताउनुभयो। घटनापछि आक्रोशित भएका मृतकका आफन्त र स्थानीयबासीले राजमार्ग अवरुद्ध गरेका छन्। प्रहरीका अनुसार स्थानीयलाई सम्झाइ बुझाइ राजमार्ग सुचारु गराउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# बाढी प्रभावित परिवारलाई राहत वितरण

**रवीन्द्र उप्रेती**

बर्दिबास, २४ असोज। महोत्तरीमा बाढी र डुबानबाट प्रभावितलाई धमाधम राहत वितरण गर्ने काम भइरहेको छ। गत असोज १८ गतेदेखि ३ सम्म परेको अविरल वर्षाबाट प्रभावित बर्दिबासको विभिन्न वडाका ५० तथा औरही नगरपालिकाको ६१ गरि १११ परिवारको घरदैलोमै पुगेर राहत वितरण गरिएको छ। जलेश्वर नगरपालिकामा पनि सयभन्दा बढी परिवारलाई राहत वितरण भइरहेको छ। यी स्थानीयतहरु रातु, भवसी र जंगाहा खोलाको बाढी र डुबानबाट पीडित थिए।



बर्दिबासका पीडित परिवारको घरदैलोमै पुगेर नगरप्रमुख प्रह्लाद क्षेत्री, उपप्रमुख तारादेवी महतो, सम्बद्ध वडाध्यक्ष तथा सहयोगी संस्थाका पदाधिकारीहरुले अवस्थाबारे जानकारी लिनुका साथै राहत वितरण गर्नुभएको थियो। वितरण गरिएका राहत सामग्रीमा आवासका लागि 'सेल्टर किट', भान्साका लागि भाँडाकुँडा सेट, स्वच्छता सामग्री (हाइजिन किट), झुल, तथा गर्भवती र सुत्केरी महिलाहरूका लागि मर्यादा सामग्री (डिग्निटी किट) समावेश छन्।

सहयोगी संस्था सेभ द चिल्ड्रेनले जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित पालिकाहरू तथा स्थानीय साझेदार संस्थाहरु रतौली युवा क्लब, सामुदायिक विकास तथा पैरवी मञ्च नेपालको सहकार्यमा सामग्री वितरण गरेको हो। त्यस्तै बर्दिबास नगरपालिका, रेडक्रस, रोटरी क्लब बर्दिबासले प्रति परिवार २५ केजी चामल, २ केजी दाल, १ लिटर खानेतेल, एक कार्टुन चाउचाउ, नुन, बाल्टिन, साबुन लगाएतका सामग्री वितरण गरेको छ। सबै राहत सामग्री स्थानीय तहको एकद्वार प्रणालीमार्फत वितरण गरिएको जनाइएको छ।

जिल्लाको दक्षिणी भेगमा रातु खोलाको बाढीबाट प्रभावित जलेश्वर नगरपालिकाका १ र ८ नं वडाका ११२ परिवारलाई राहत वितरणको भइरहेको सेभ द चिल्ड्रेनका सञ्चार संयोजक झम्केश्वर ओझाले बताउनुभयो। जलेश्वर क्षेत्रमा रतौली युवा क्लबमार्फत राहत वितरण भइरहेको छ। जिल्ला प्रहरीका अनुसार बाढी र डुबानबाट महोत्तरीका स्थानीय तहहरु बर्दिबास, औरही, भंगाहा सीतापुर, बलवा, महोत्तरी, रामगोपालपुर, मटिहानी र समसीका २२८ परिवारका ८२६ जना विस्थापित भएका छन्। यसबिच बाढीमा डुबेर जलेश्वर ६ का एक ११ वर्षीय बालकको मृत्यु भएको छ।











छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)